# लोक सेवा आयोग

## निक्षेप तथा कर्जा सुरक्षण कोष, प्रशासन, सातौं, अधिकृत पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

२०८१।०६।१९

पत्र : द्वितीय
समय : ३ घण्टा                                                                                    पूर्णाङ्क : १००

### विषय : सेवा सम्बन्धी

प्रत्येक **खण्ड**को उत्तर छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ । अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

### खण्ड "क" — ३० अङ्क

१. संस्थागत सुशासन (Corporate Governance) का आधारभूत विशेषताहरू उल्लेख गर्दै नेपालका सार्वजनिक संस्थानहरूमा संस्थागत सुशासनलाई थप सुदृढ गर्न के-कस्ता सुधार गर्नुपर्ने देख्नुहुन्छ? मौलिक सुझाव दिनुहोस् । ५+५=१०

२. नेपालका सार्वजनिक संस्थानहरूमा सही नेतृत्वको अभावको कारण संस्थानले लिएको लक्ष्य र नीति पूरा गर्न नसकिएको सन्दर्भमा कुशल र सक्षम नेतृत्वमा हुनुपर्ने गुणहरू उल्लेख गर्दै यस्ता गुणहरू सहितको नेतृत्व विकास गर्नका लागि के गर्न आवश्यक छ? स्पष्ट पार्नुहोस् । साथै, यस्तो नेतृत्वले संस्थानको समग्र नीति, लक्ष्य र कर्मचारीमा कस्तो कार्यवातावरण र संस्कृतिको विकास गर्न सक्दछ? लेख्नुहोस् । ३+३+४=१०

३. वार्ताको तरिकाहरू (Styles of Negotiation) चर्चा गर्दै एक असल वार्ताकारमा हुनुपर्ने गुण (Quality) र सीप (Skill) हरू उदाहरणसहित लेख्नुहोस् । ४+६=१०

### खण्ड "ख" — ४० अङ्क

४. वित्तीय विवरण (Financial Statement) किन तयार गरिन्छ? स्पष्ट पार्दै वित्तीय विवरणले विभिन्न सरोकारवालाहरूलाई आर्थिक निर्णय लिन कसरी सहयोग पुऱ्याउँछ? चर्चा गर्नुहोस् । ३+७=१०

५. आन्तरिक नियन्त्रण प्रणालीका विशेषताहरू उल्लेख गर्नुहोस् । नेपालका सार्वजनिक निकायहरूमा विद्यमान आन्तरिक नियन्त्रण प्रणालीको समीक्षा गर्दै यसलाई थप सुदृढ तुल्याउन व्यावहारिक सुझावहरू प्रस्तुत गर्नुहोस् । ४+६=१०

६. वित्तीय व्यवस्थापन (Financial Management) का सिद्धान्तहरू (Principles) तथा दायरा (Scope) को संक्षिप्तमा चर्चा गर्दै वित्तीय व्यवस्थापक (Finance Manager) को भूमिकामाथि प्रकाश पार्नुहोस् । ६+४=१०

७. वित्तीय स्थिरता भन्नाले के बुझिन्छ? वित्तीय प्रणालीका प्रमुख क्षेत्रहरू उल्लेख गर्दै ती क्षेत्रले वित्तीय स्थिरता कायम गर्न खेल्ने भूमिका वर्णन गर्नुहोस् । ४+३+३=१०

### खण्ड "ग" — ३० अङ्क

८. नेपालमा सुशासन कायम गर्न देखिएका मुख्य समस्याहरू औंल्याउँदै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम कार्यसम्पादन गर्ने पदाधिकारीले प्रशासनिक कार्यसम्पादन गर्दा प्रचलित कानूनमा भएको व्यवस्थाका अतिरिक्त कुन कुन आधारमा कार्यसम्पादन गर्नु पर्दछ? विवेचना गर्नुहोस् । ४+६=१०

९. सम्पत्ति शुद्धीकरण (Money Laundering) गर्न प्रयोग हुने तरिकाहरू के के हुन्? खुलाउँदै सम्पत्ति शुद्धीकरण निवारण ऐनले सम्बद्ध कसूर (Predicate Offence) अन्तर्गत के-कस्ता कसूरलाई समावेश गरेको छ? उल्लेख गर्नुहोस् । ४+६=१०

१०. निक्षेप तथा कर्जा सुरक्षण कोषको सञ्चालक समितिको संरचनागत व्यवस्था र समितिको काम, कर्तव्य र अधिकार जानकारी गराउनुहोस् । ५+५=१०

:: समाप्त ::